# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ८, भागः१ संख्याः ७, मितिः२०८२/१०/०६ गते

**भाग-२**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

*गाउँसभाबाट स्वीकृत मिति : २०८२/१०/०४*

# कन्चन गाउँपालिका पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रको स्थापना तथा सन्चालन र पुनर्स्थापना तथा सेवा कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

**प्रस्तावनाः** घरेलु हिंसा, लैंगिक हिंसा तथा मानव बेचविखबाट पिडित तथा प्रभावित व्यक्तिहरूको लागि तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्न आवश्यक परे सो व्यवस्थाका लागि सेवा केन्द्रको स्थापना, व्यवस्थापन तथा संचालनका निमित्त कञ्चन गाउँपालिकाले पुनर्स्थापना तथा सेवा कोषको स्थापना गर्न बाञ्छनीय भएकाले, कन्चन गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्ररम्भः** १) यस ऐनको नाम " कञ्चन गाउँपालिका पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रको स्थापना तथा सञ्चालन र पुनर्स्थापना तथा सेवा कोष सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२" रहेको छ ।

२) यो स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "कोष" भन्नाले दफा ९ बमोजिमको पुनर्स्थापना तथा सेवा कोष सम्झनु पर्छ ।

(ख) "पिडित" भन्नाले मानव बेचविखन तथा ओसारपसार ऐन, २०६४ मा परिभाषा गरिएको पीडित र प्रभावित भन्नाले बेचबिखन तथा ओसारपसारबाट प्रभावित अन्य व्यक्ति भन्ने सम्झनु पर्छ ।

(ग) "पुनर्स्थापना केन्द्र" भन्नाले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा (१३) को उपदफा (१क) र (१ख) बमोजिमको पुनर्स्थापना केन्द्र सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले पुनर्स्थापना तथा सेवा कोष सन्चालक समितिलाई जनाउदछ।

(ङ) "सेवा केन्द्र" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) सम्बन्धी ऐन, २०६६ को दफा (१२) को उपदफा (१क) र (१ख) बमोजिमको सेवा केन्द्रलाई जनाउदछ ।

(च) "शाखा" भन्नाले कञ्चन गाउँपालिकाको महिला, बालबालिका सम्बन्धि मामिला हेर्ने शाखा वा ईकाइलाई जनाउदछ।

## परिच्छेद -२

## पुनर्स्थापनाकेन्द्र तथा सेवाकेन्द्रको स्थापना तथा सन्चालन सम्बन्धी व्यवस्था

३. **पुनर्स्थापनाकेन्द्र र सेवाकेन्द्रको स्थापना गर्न सक्नेः**

(१) मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा (१३) को उपदफा (१क) बमोजिम कन्चन गाउँपालिकाले पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्ने छ ।

(२)घरेलु हिंसा (कसुर र सजाय) सम्बन्धी ऐन, २०६६ को दफा (१२) को उपदफा (१क) बमोजिम सेवाकेन्द्र स्थापना गर्न सक्ने छ ।

(३)कुनै संस्थाले कन्चन गाउँपालिकाको स्वीकृती लीई पुनर्स्थापना वा सेवाकेन्द्र स्थापना गरी संचालन गर्न सक्ने छ ।

(४)पुनर्स्थापना केन्द्र र सेवा केन्द्रको स्थापना र स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५)दफा (३) को उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि आर्थिक, मानविय र भौतिक श्रोत साधनका कारण गाउँपालिकाले एउटै पुनर्स्थापनाकेन्द्र र सेवाकेन्द्रको स्थापना गरी संचालन गर्न सक्नेछ वा अन्य कुनै संघसस्थासँग साझेदारीमा संचालन गर्न सक्नेछ ।

४. **पुनर्स्थापना र सेवाकेन्द्र प्राप्त गर्न सक्नेः**

(१)मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा (१३) को उपदफा (१ ख) बमिजिम नेपाल सरकारले हस्तान्तरण गरेको पुनर्स्थापना केन्द्र कन्चन गाउँपालिकाले प्राप्त गर्न सक्नेछ ।

(२)घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा (११) को उपदफा (१ख) बमोजिम नेपाल सरकारले हस्तान्त्रण गरेको सेवा केन्द्र कञ्चन गाउँपालिकाले प्राप्त गर्न सक्नेछ ।

५. **पुनर्स्थापनाकेन्द्र र सेवा केन्द्रको स्थापना, व्यवस्थापन र संचालनः**

(१)दफा (३) बमिजिम स्थापना भएका पुनर्स्थापना केन्द्र र सेवा केन्द्रको व्यवस्थापन र संचालन सम्बन्धी व्यवस्था तोकिए बमिजिम हुनेछ ।

(२)दफा (४) बमोजिम प्राप्त भएका पुनर्स्थापनाकेन्द्र र सेवा केन्द्रको व्यवस्थापन र संचालन गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **पुनर्स्थापना केन्द्रको काम कर्तव्य र अधिकारः**

(१)मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा उल्लेख भएका काम,कर्तव्य र अधिकारका अतिरिक्त पुनर्स्थापना केन्द्रको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडित/प्रभावितलाई शरीरिक र मानसिक उपचार गराउने,

(ख) पीडित/प्रभावितको सामाजिकरुपमा पुनर्स्थापना गर्ने,

(ग) पीडित/प्रभावितलाई पारिवारिक पुनर्मिलन गराउने,

(घ) आवस्यकता अनुसार पीडित/प्रभावितलाई औषधि उपचार, मनोसामाजिक विमर्श सेवा सुविधाको व्यवस्था गर्ने,

(ङ) पीडित/प्रभावितको इच्छा विपरित किनै काममा लगाउन नहुने,

(च) पीडित/प्रभावितको लागि सीपमुलक तालिम र रोजगारीको व्यवस्था गर्ने,

(छ) पुनर्स्थापना केन्द्रको काम कर्तव्य र अधिकार तोकिए वा तोकिए बमोजिम हुनेछ।

७. **<u>सेवा केन्द्रको काम कर्तव्य र अधिकारः</u>**

(१) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सेवाकेन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडित/प्रभावित व्यक्तिलाई तत्काल सुरक्षा प्रदान गर्ने,

(ख) पीडित/प्रभावित व्यक्तिलाई स्वास्थ्य उपचारको व्यवस्था गर्ने,

(ग) पीडित/प्रभावित व्यक्तिलाई घरपरिवारबाट अलग्गै बस्नु पर्ने भएमा सो को व्यवस्था गर्ने,

(घ) पीडित/प्रभावित व्यक्तिलाई आवश्यकता अनुसार कानूनी सहायता, मनोविमर्श सेवा र आर्थिक सहायता उपलब्ध गराउने,

(ङ) पीडित/प्रभावित व्यक्तिलाई आत्मनिर्भर बनाउन स्वरोजगार सम्बन्धी तालिम दिने,

(च) पारिवारिक पुनर्मिलन र पुनर्स्थापनाको लागि पहल गर्ने,

(छ) उपेक्षित, निसाहय र असक्त एकल महिलाको संरक्षण गर्ने,

(२) सेवाकेन्द्रको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. **<u>पुनर्स्थापनाकेन्द्र सेवाकेन्द्रको अनुगमनः</u>**

(१)कञ्चन गाउँपालिकाले स्थापना गरेका वा प्राप्त गरेका वा अन्य संघ संस्थाले अनुमति लिई संचालन गरेका पुनर्स्थापना केन्द्र र सेवा केन्द्रको अनुगमन सम्बन्धित समितिले गर्नेछ ।

(२)पुनर्स्थापना केन्द्र र सेवा केन्द्रको व्यवस्थापन, संचालन मापदण्ड र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

## परिच्छेद -३

## पुनर्स्थापना तथा सेवाकोष सम्बन्धी व्यवस्था

९. पुनर्स्थापना तथा सेवा कोषको स्थापनाः

(१) यो ऐनको उद्देश्य पुरा गर्न कञ्चन गाउँपालिकाले एक पुनर्स्थापना तथा सेवा कोष स्थापना गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको कोषले दफा (३) र (४) बमोजिमको पुनर्स्थापनाकेन्द्र र सेवा केन्द्रलाई आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउने छ ।

(३) उपदफा (२) बमोजिम सहयोग उपलब्ध गराउने मापदण्ड, आधार र कार्य विधि तोकिए बमोजिम हुनेछ ।

१०. पुनर्स्थापना तथा सेवाकोषमा रहने रकमः

(१) पुनर्स्थापना तथा सेवा कोषमा देहाय बमोजिमका रकम रहनेछनः

(क) कन्चन गाउँपालिकाको आन्तरिक बजेटबाट प्राप्त रकम,

(ख) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) कुनै स्वदेशी वा बिदेशी संघ संस्था वा निजी क्षेत्र वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम आदि,

(२)सेवा तथा पुनर्स्थापना कोषको व्यवस्थापन र संचालन तोकिए बमोजिम हुनेछ ।

११. पुनर्स्थापना तथा सेवा कोष संचालक समितिः

(१)पुनर्स्थापना तथा सेवा कोष देहाय बमोजिमको समितिबाट सञ्चालन हुनेछः

(क) गाउँपालिकाको अध्यक्ष — अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष — उपाध्यक्ष

(ग)वडा अध्यक्षहरू मध्येबाट गाउँपालिका अध्यक्षले तोकेका ३ जना — सदस्य

(घ)कार्यपालिका सदस्यहरू मध्येबाट गाउँपालिका अध्यक्षले तोकेका तीन जना - सदस्य

(ङ)प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

१२. समितिको काम, कर्तव्य र अधिकारः

(१)समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोषलाई प्राप्त हुने रकम कोषको बैंङ्क खातामा जम्मा गर्ने, गर्न लगाउने,

(ख) कोषको खाताबाट सेवा केन्द्र र पुनर्स्थापना केन्द्रलाई आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउने,

(ग)कोषको व्यवस्थापन र संचालन सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(घ)कोषलाई दिगो र भरपर्दो स्रोतको रुपमा परिचालन गर्न आवश्यक निर्णय गर्ने ।

(२)यस ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार तोकिए वा तोकिए बमोजिम हुनेछ ।

१३. **बैठक सम्बन्धी व्यवस्थाः**

(१)समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(ख) समितिमा तत्काल कायम रहेका कूल सदस्य संख्याको एकाउन्न प्रतिशत उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिनेछ,

(ग)समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

(घ)बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ,

(ङ)समितिको बैठक कम्तिमा चार महिनामा एक पटक बस्ने छ, आवश्यक परेमा सो भन्दा बढी पनि बस्न सक्नेछ,

(च)समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधी समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद -४

## विविध

१४. **पुनर्स्थापना तथा सेवाकोषको लेखा र लेखापरिक्षणः**

(१)पुनर्स्थापना तथा सेवा कोषको आय व्ययको लेखा महालेखा परीक्षकले तोकेको ढाँचामा राखिने छ।

(२)पुनर्स्थापना तथा सेवा कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

(३)तर अरू संघसंस्थाले यस पालिकासँग समन्वय गरी संचालन गरेको पुनर्स्थापना तथा सेवाकेन्द्रको आय व्ययको लेखा राख्ने र लेखापरिक्षण गर्ने कार्यको जिम्मेवारी सम्बन्धित संस्थाकै हुनेछ ।

१५. **मानव बेचविखन विरुद्धको कन्चन गाउँपालिका स्तरिय समितिको गठनः**

(१)मानवबेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा हुने कामको समन्वय, सहजिकरण र संयोजन गर्न कार्यका लागि गाउँपालिका स्तरिय एक समितिको गठन गरिनेछ । यस समितिको गठन देहाय बमिजिम हुनेछः

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) इलाका प्रशासन कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) इलाका प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

(घ) मानव बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा गाउँपालिकामा कार्यरत व्यक्ति वा संस्थाहरू मध्येबाट समावेशी सिद्धान्तका आधारमा गाउँ कार्यपालिकाले मनोनित गरेका कम्तिमा एक महिला सहित तीन जना — सदस्य

(ङ)प्रतिनिधी, नेपाल पत्रकार महासंघ जिल्लाकार्य समिति - सदस्य

(च)कन्चन गाउँपालिका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा/ईकाइ प्रमुख — सदस्य सचिव

(२)समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

१६. **बैठक सम्बन्धी व्यवस्थाः**

(१) समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(ख) समितिमा तत्काल कायम रहेका कूल सदस्य संख्याको एकाउन्न प्रतिशत उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिनेछ,

(ग) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

(घ) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ,

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

(ङ) समितिको बैठक कम्तिमा चार महिनामा एक पटक बस्ने छ, आवस्यक परे सो भन्दा बढी पनि बस्न सक्नेछ,

(च) समितिको बैठक सञ्चालन सम्बन्धि कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **नियम कार्यविधि र निर्देशीका बनाउने अधिकारः**

(१)यो ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि कञ्चन गाउँपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

१८. **बाधा अडकाउ फुकाउने अधिकारः**

(१) यस ऐन बमोजिम बाधा अडकाउ फुकाउने अधिकार गाउँ कार्यापालिकामा निहित रहनेछ ।

**१९. खारेजी र बचावटः**

(१) यस ऐनको कुनै दफा वा उपदफा संघिय कानून वा प्रदेश कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य र बदर हुनेछ ।

(२) यस ऐन वा ऐनको परिधिभित्र रहि बनेका नियमावली, निर्देशिका र मापदण्ड बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मितिः २०८२/१०/०६**

आज्ञाले,

माधव प्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाउँपालिका स्थानीय राजपत्र